# कथा: अरोरा (प्रकाश पौड्याल)

अन्धकार रातमा मन्द आगो बलिरहेछ। बिचमा बलेको आगोको मधुर उज्यालोले नजीकैको जंगलमा रिट्ठे काईला, पिपलपाते जेठो, तिर्की माईला र मेरो छाया कोरेको छ। आगोको चन्चलता सगं संगै हाम्रो छांया पनि नाचीरहेको छ, मानौ त्यो छांयॉ कित हाम्रै रक्सीले मातेको छ - कित पछाडीबाट हामीलाई भुतको नक्कलमा तर्साउने प्रयासमा छ। किन हो कुनि हामी चार चुपचाप आफ्नै दुनियामा छौं - सायद सबैलाई बिचमा बलेको आगोले अल्मल्याएकोछ।

"दाउरा अली चिसो परेजस्तो छ" नजिकैको गिलासबाट एक चुस्की लिदै रिट्ठे काईला ले सन्नाटालाई पल्टायो। चिसो दाउरा बाट निस्केको धुवा पन्छाउदै पिपलपाते जेठो दॉयॉ सर्यो। मैले धुवॉ उडाउंदै गरेका दाउरा लाई आगोको बिचमा ठोसे। एउटा ठुलो आगोको झिल्का आकास हान्नियो। सबैले स्तब्द भएर झिल्कालाई पछयाउदै टाउको ऊठाए। हेर्दाहेर्दै झिल्का अन्धकार आकाशमा बिलायो। सबैले बिस्तारै लामो सास फेरे र एक अर्कालाई हेरे।

"त्यसरी बलेको आगो ठोस्नु हुन्छ? जंगलमा आगो लाग्यो भने?" तिरकी काईला झोक्कीए - मानौ परापुर्ब कालमा आगोको आविस्कार उनैले गरेका थिए। अझ मानौ उनले डिग्रीनै उनले सिभीलमा हैन यसै आगोमै गरेका छन्। म चुपचाप नजीकैको गिलास समाएं र चुस्की लगाउन थांले।

बिस्तारै समय बित्दै गयो। फेरी सबै आगोको रापनानै भुल्न थाले। "टाउकोमा चिसोले हान्यो" टाउकोलाई ओन्डीले बेरदै रिट्ठे काईलाले गुनासो पोख्यो। रिट्ठेको नयॉ रुपलाई ब्यगं गर्दै अफगानी हमित कार्जाई को संज्ञा दियो पिपलपातेले। सबैमा हॉसो छायो, सबै गल्लल हॉसे। मनमनै सोचे अब बल्ल रात्री क्याम्पीगंले गती लियो - अरुझैं म पनी प्रसन्न भंए।